दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४३ | बुटवल | २०८२ भदौं १३ गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday August 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार ।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौ,
- सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौ,
- बालमैत्री समाजको निर्माण गरौ ।

**आजका बालबालिका भोलिका कर्णधार ।**

नेपाल सरकार विज्ञापन बोर्ड

## बुटवलमा तीन नेताको एउटै स्वर :

# ‘संकटको निकास वामपन्थी ध्रुवीकरण’

**लुम्बिनी संवाददाता**

*बुटवल*

वर्तमान राजनीतिक संकटको निकास वामपन्थी दलहरुबिच ध्रुवीकरण भएको नेताहरुले बताएका छन् । तीन वामपन्थी दलका केन्द्रीय पदाधिकारीहरु नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्र विक्रम चन्द विप्लव, नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल र नेकपा माओवादी केन्द्रका  उप-महासचिव जनार्दन शर्माले कम्युनिष्ट दलहरुमा पुनर्संरचना आवश्यक रहेको औंल्याए ।

बिहीबार बुटवलमा शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान नेपालद्वारा आयोजित वर्तमान राजनीतिक संकट र निकास विषयक अन्तरक्रियामा बोल्दै नेताहरुले राज्यको तल्लो तहसम्म संस्थागत भैरहेको भ्रष्टाचार, पार्टीहरुमा देखिएको विचलन र दलाल पुँजीवादमा रुमल्लिएको अर्थ व्यवस्था नै अहिलेको संकट रहेको बताए । उनीहरुले पार्टीहरु नै दलाल पुंजिवाद र भ्रष्टीकरणको दलदलमा फसेको भन्दै चिन्ता व्यक्त गरे ।

कम्युनिष्ट पार्टीमा लोकतान्त्रिकरण, राज्य संयन्त्रमा देखिएको व्युरोक्रेसीको हालीमुहाली नियन्त्रण र लोकतन्त्रलाई नेताबाट जनतातर्फ फर्काउने कार्य नै संकटको निकास रहेकोमा नेताहरुले जोड दिए । त्यसको लागि भ्रष्टाचार नगर्ने नेताहरुको पार्टी निर्माण, आर्थिक सामाजिक विकासको स्पष्ट खाका निर्माण र संविधानले देखाएको समाजवादको दिशामा अगाडि बढ्नुपर्ने उनीहरुको भनाइ छ ।

**भ्रष्टाचार र गलत आर्थिक प्रणालीप्रमुख चुनौती : विप्लव**

गणतन्त्र प्राप्तीपछिको नेतृत्व कुन वर्ग र कुन विचारले गर्ने भन्ने टुंगोमा नपुग्दा मुलुक थप संकटतर्फ धकेलिएको नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द ‘विप्लव’ ले बताए ।  उनले मुलुकमा दलाल पूँजीवादी संरचना हावी भएकाले अहिलेको प्रमुख चुनौती भ्रष्टाचार र गलत आर्थिक प्रणाली भएको बताए ।

२०४७ सालको संविधान ब्युँताएर अहिलेको समस्या समाधान हुने हल्ला फैलिएको भन्दै उनले पछाडि फर्किएर वा हावाको पछाडि लागेर समस्या समाधान नहुने स्पष्ट पारे । उनले हालैको ‘कुलिङ पिरियड प्रकरण’को सन्दर्भ उल्लेख गर्दै राजनीतिक नेतृत्व कमजोर हुँदा कर्मचारीतन्त्रको बदमासीले सिमा नाघेको जिकिर गरे ।

त्यसैगरी भिजिट भिसा प्रकरणको उदाहरण दिँदै विप्लवले त्रिभुवन विमानस्थलमा दैनिक ५० लाखसम्म घुस खाने अवस्था गरेको खुलासाबाट दलालहरुले देश  र जनता चुसिरहेको टिप्पणी गरे । कांग्रेस नेता रमेश लेखकको नाम जोडिएको प्रसंग उल्लेख गर्दै उनले भने-‘हामीले उहाँलाई कांग्रेसभित्रको बुद्धिजीवी ठानेका थियौं, तर उहाँकै कर्मचारीले दैनिक ५० लाखसम्म घुस बुझाएको आरोप लगाएको देखियो ।’

उनले उपप्रधानमन्त्री भइसकेका नारायणकाजी श्रेष्ठको ‘पैसाबिना न्यायालयमा केही हुँदैन’ भन्ने अभिव्यक्तिले मुलुकको अवस्था झल्काएको दाबी गरे ।

विप्लवले अहिलेको कम्युनिष्ट आन्दोलन दिग्भ्रमित भएको भन्दै यसलाई दिग्दर्शन गर्न नयाँ बहस सुरु गरिएको बताए । ‘यो बहस के हो ? नयाँ पार्टी बनाउने हो ? भन्ने प्रश्न उठ्छ, तर अहिले निश्चित भन्न सकिँदैन, यो ८-१० वटा अन्तरक्रियापछि पनि टुंगिन सक्छ ।’- उनले भने ।

उनले सुरु गरिएको छलफल कुनै व्यक्तिको आकांक्षा नभई मुलुककै आवश्यकता भएको दाबी गरे । ‘यो छलफल श्रमिक जनताको चाहना, एकता र उज्यालोको बाटो पहिल्याउने प्रयास हो ।’-उनले भने ।

**घुस नखाने नेताको कम्यूनिष्ट पार्टी आवश्यक : घनश्याम**

नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले नेपालमा घुस नखाने नेताको कम्यूनिष्ट पार्टी आवश्यक भएको बताए ।




उनले नेपालमा कम्यूनिष्ट पार्टीहरु दलाल पुँजीवादको कब्जामा रहेको उल्लेख गर्दै अब जनतामा देखिएको निराशा र छटपटी चिर्न सुशासनको ग्यारेन्टी दिने क्रान्तिकारी कम्यूनिष्टपार्टी चाहिएको बताए ।

भुसालले नेपालमा व्यवस्था र संविधान बदलिए पनि दलहरुको ढाँचा, संरचना र तरिका उस्तै रहेको बताए । यी कुराहरु नबदलिंदा राजाकै पालादेखिको दलाल पुँजीवाद प्रभावमा दलहरु फसेको उनले टिप्पणी गरे । भुसालले राजनीतिक रुपमा नेपाली जनतामाथि भयंकर अत्याचार भएको समेत बताए ।

‘जनतामा विकल्प छैन, सत्ता, सरकार, प्रधानमन्त्री, नेताहरुको गुटले जनतालाई धेरै अपमानित गरेको छ, झुटबाट मान्छे तरंगित छ,’ भुसालले भने-‘म त भन्छु समाज बौलाएको छ, यसबाट निकास दिन अब ध्रुविकरण जरुरी छ ।’ उनले मुलुक वर्तमान छटपटीबाट नयाँ इतिहास बनाउने प्रसव पिडामा रहेको बताए । उनले पुरानोले काम नगरेको तर नयाँ नबसिकेकोले सर्पले काँचुली फेर्ने अवस्थामा जस्तै पीडा र छटपटी भएकाले नयाँ इतिहास बनाउन बहस जरुरी रहेको बताए ।

उनले वामपन्थी आन्दोलनलाई ध्रुविकरण गर्नुपर्ने बेला आएकाले आफूहरु वर्तमान राजनीतिको संकट र निकासबारे बहसमा आएको बताए । परिस्थिति धेरै पाकिसकेको बताउँदै उनले अब केन्द्रदेखि वडासम्मै वामपन्थी धुव्रिकरण आवश्यक रहेको बताए । उनले पुरानोले काम नगरेको तर नयाँ नबसिकेकोले सर्पले काँचुली फेर्ने अवस्थामा जस्तै छटपटी भएकाले नयाँ इतिहास बनाउन बहस जरुरी रहेको बताए ।

‘पुराना मान्यता भत्केका छन्, नेताहरुका नालायकी भत्केका छन्,’ उनले भने-‘स्वार्थ र भ्रमहरु भत्काएर नयाँ मानक बनाउनुपर्छ ।’  उनले क्रान्तिको लागि कसम खाएको व्यक्तिको हिसाबले सपनाले थिचिएर ऐठन हुने अस्थामा आएको बताए । माओवादीभित्र जनयुद्ध र एमालेभित्र बहुदलीय जनवादको संकल्प दलाल पुँजीवादको भित्तामा ठोक्किएर घाइते भएकाले मुलुकको भाग्य र भविष्यका लागि नयाँ समाजवादी पार्टी आवश्यक भएको जनाए । ‘मूलभूतरुपमा युद्ध र शान्तिपूर्ण हुकाई र अनुभवको विभाजन छन्, त्यो बाहेक अरु कृत्रिम नक्कली लक्ष्मण रेखाहरु भत्काउनुपर्छ ।’-भुसाले भने ।

उनले पछिल्लो समय नेकपाका महासचिव विप्लव, नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले बहस र छलफल गरेको प्रसंगमा आफूहरु कुनै नयाँ पार्टी बनाउनका लागि बहसमा नआएको बताए । ‘तीन जना मिलेर अलग पार्टी बनाउने होइन, अर्को पार्टी बन्दैन,’ भुसालले भने-‘हामीले सही सिद्धान्त बुझाउने र विभाजन नभई जुटाउने अभियानमा छौं ।’ उनले उनले समाजमा उकुसमुकुस तिव्ररुपमा रहेकाले विमर्श जरुरी रहेको बताए । उनले देउवा, ओली, प्रचण्ड, माधव नेपालदेखि रविसम्म असन्तुष्टि रहेकाले अब नयाँ निकास आवश्यक रहेको बताए । उनले वर्तमान राजनीतिमा देखिएको समस्याबारे साउन ६ गतेदेखि बहस सुरु भएको बताउँदै बुटवलमा आएपछि यसले गती लिने विश्वास व्यक्त गरे । ‘हामी तीन जनाले मात्रै गर्नुपर्छ भन्ने रहेन, कम्यूनिष्ट आन्दोलनमा चिन्तितहरुले माथिदेखि वार्डसम्म बहस गरौं ।’- भुसालले भने ।

**वाम शक्तिहरूबीच पुनर्गठन आवश्यक : जनार्दन शर्मा**

नेकपा माओवादी केन्द्रका उप-महासचिव जनार्दन शर्माले वर्तमान कम्युनिष्ट पार्टीहरू जनताको मुद्दा उठाउन असफल भएकाले वाम शक्तिहरूबिच पुनर्गठनको आवश्यकता रहेको बताए । उनले दलहरूको वर्तमान अभ्यासले जनतालाई निराश बनाएको टिप्पणी गरे ।

उप-महासचिव शर्माले दलहरूले लोकतन्त्रलाई व्यवहारमा नउतारेको बताए ।  ‘न लोकतन्त्रलाई व्यवहारमा नउतारेछन्, न त गरिबी र बेरोजगारी अन्त्य गर्ने बहसलाई प्राथमिकता दिएका छन्,’ उनले भने-‘बरु, पार्टी नेतृत्व आफ्नै जयजयकार गर्ने समूह तयार गर्ने काममा व्यस्त छ ।’

उनले दलहरू जनताका मुद्दामा स्पष्ट नभएको, नीतिहरूमा प्रष्ट नभएको, बरु अलमलमा परेको आरोप लगाए । उनले भने-‘दलहरूमा लोकतन्त्र छैन, सुशासन छैन, चुनौती सामना गर्ने क्षमता पनि छैन ।’

» बाँकी ३ पेजमा

# भदौ १८ बाट निजी स्कुल बन्द गर्ने घोषणा



बुटवल । निजी विद्यालय सञ्चालकहरूले विद्यालय बन्द गर्ने घोषणा गरेका छन् । निजी विद्यालयका छाता संगठनहरू प्याब्सन, एनप्याब्सन, हिसान र अपेनले १८ भदौबाट विद्यालय बन्द गर्ने चेतावनी दिएका हुन् ।

विद्यालय शिक्षा विधेयक सच्याउन माग गर्दै निजी विद्यालय सञ्चालकहरू निरन्तर आन्दोलनरत छन् ।

आन्दोलनका कार्यक्रमअन्तर्गतको पहिलो चरण सकिएको छ ।

निजी विद्यालयले क्रमशः गैरनाफामूलक र पूर्ण छात्रवृत्ति प्रावधान विधेयकबाट हटाउनुपर्ने माग राखेका छन् ।

# उखु किसान बढी अपहेलित : यादव



बुटवल । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले उखु किसान सबैभन्दा बढी अपहेलित भएको बताएका छन् ।

बिहीबार उखु किसानको आन्दोलनमा ऐक्यबद्धता जनाउन माइतीघर पुगेका अध्यक्ष यादवले सरकारले उखु किसानलाई दिनुपर्ने अनुदान तत्काल दिनुपर्ने बताए ।

अन्नदाता किसानलाई नेपालमा राज्यले सबैभन्दा बढी उपेक्षा गरेको उनले आरोप लगाए ।

किसानमा पनि उखु किसान अझ बढी पेलानमा परेको उनको भनाइ छ ।

‘सरकारले उखु किसानलाई दिनुपर्ने जुन अनुदान हो, त्यो दिनु पर्दछ । र समग्र रुपमा हेर्दाखेरी किसान भनेको अन्नदाता हुन् । जसले अन्न उत्पादन गर्छन्, अरुलाई बचाउँछन् । संसारलाई पाल्छन् । तिनकैप्रति राज्यको कुनै नीति नै छैन,’ उनले भने-‘कुनै नीति छैन, कुनै योजना छैन । न किसानहरुको उत्पादनको अधिकारका लागि न कुनै व्यवस्था नै छ । अहिले नेपालमा राज्यले सबैभन्दा बढी उपेक्षित गरेको क्षेत्र भनेको किसान हो । किसानमा पनि उखु किसान त झन सबभन्दा बढी अपहेलित भएको छ ।’

किसानले उत्पादन गरेको उखु किनेर मिल सञ्चालक धनी हुने, तर किसानले समयमा मूल्य नपाउने अवस्था रहेको उनले बताए । सरकारले उखु किसानलाई तत्काल रकम भुक्तानी गर्नुपर्नेमा उनको जोड थियो ।

‘किसानहरूलाई दिनुपर्नेमा समयमा न उचित मूल्य पाएको छ, न तोकेको रकम पाएको छ । वर्षौंसम्म किसानलाई पेलिराखेको हुन्छ ।’- उनले भने । यादवले सरकारले तत्काल गर्नुपर्ने दुईवटा काम अविलम्ब गनुपर्ने उनले बताए ।

एउटा, दिनुपर्ने अनुदान तुरुन्त निकासा गर्ने, उखु किसानलाई उपलब्ध गराउने र दोस्रो, किसानले उखु मिलमा पुर्‍याएपछि निश्चित तोकेको १५ दिन, एक महिनाभित्र मिलले त्यसको भुक्तानी गर्नुपर्ने यादवले सुझाव दिए ।

यी दुई काम नगरेर उखु किसानले हर्जना र ब्याज समेत पाउनुपर्ने तर्क यादवको छ ।

# कांग्रेस नेता विष्णु पोखरेल पदमुक्त

बुटवल । नेपाली कांग्रेस लुम्बिनी प्रदेश समितिले प्रदेश समिति सदस्य विष्णु पोखरेललाई पदमुक्त  गरेको छ ।

पोखरेललाई साउन ११ गते नै पदमुक्त गरेको हो । तर उनलाई पदमुक्त गरिएको पत्र बिहीबार मात्र सार्वजनिक भएको छ ।

प्रदेश सभापति अमरसिंह पुनले हस्ताक्षर गरेको पत्रमा कांग्रेस विधानअनुसार पोखरेललाई जिम्मेवारीमुक्त गरेको उल्लेख गरेका छन् । पोखरेलमाथि गत आम निर्वाचनमा रुपन्देही ५ मा पार्टीको आधिकारिक उम्मेदवारलाई हराउन भूमिका खेलेको आरोप थियो । पोखरेल संस्थापन इतरका नेता डा. शेखर कोइराला निकट हुन् ।

# स्याङ्जाका कृषकले उत्पादन गरे पाँच करोडको मह



**प्रकाश डोटेल**

*स्याङ्जा*

स्याङ्जाका मौरीपालक कृषकले पाँच करोड मूल्य बराबरको मह उत्पादन गरेका छन् । जिल्लाका व्यावसायिक मौरीपालक ५२९ कृषकले गएको वर्ष तीन मौसम (सिजन) मा गरि ५ करोड ४५ लाख ७२ हजार मूल्यको मह उत्पादन गरेका हुन् ।

११ हजार १३७ घार (गोला) मौरीपालन गर्दै आएका कृषकले ३८ हजार ९८० किलोग्राम मह उत्पादन गरेका छन् । मह उत्पादन हुने मौसममा प्रतिकिलो १२ सयमा बिक्री गरेका कृषकले बेमौसम (अफसिजन) मा १६ सय रुपैयाँसम्मको मूल्यमा प्रतिकिलो मह बिक्री गर्दै आएका छन् ।

जिल्लामा वार्षिक रुपमा सबैभन्दा बढी बिरुवा गाउँपालिकामा दुई हजार ५ सय घार पाल्ने ८० कृषकले ८ हजार ७५० किलो मह उत्पादन गरेका छन् । वालिङ नगरपालिकाका ४० कृषकले १ हजार ५ सय घारबाट ५ हजार २५०, र फेदीखोला गाउँपालिकाका ४० कृषकले एक हजार तिन सय घारबाट चार हजार ५५० किलोग्राम मह उत्पादन गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रले दिएको जानकारी अनुसार चापाकोट नगरपालिकाका ८० कृषकले चार हजार दुई सय, कालिगण्डकी गाउँपालिका झण्डै सय कृषकले तीन हजार ८५०, पुतलीबजार नगरपालिकाका ७५ मौरीपालक कृषकले तीन हजार ५ सय र अर्जुनचौपारी गाउँपालिकाका ३० कृषकले तीन हजार पाँच सय किलोग्राम मह उत्पादन गरेका छन् ।

त्यस्तै गल्याङ नगरपालिकाका ८० कृषकले दुई हजार ४५०, आँधीखोलाका २२ कृषकले एक हजार ७५०, हरिनाश गाउँपालिकाका १२ कृषकले ६५५ र भीरकोट नगरपालिकाका १० कृषकले ५२५ किलोग्राम मह उत्पादन गरेको केन्द्रका कृषि विकास अधिकृत विकास विकले जानकारी दिए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# लुम्बिनीलाई प्रदूषणमुक्त बनाउने परमादेश

प्रदूषणले लुम्बिनीको भविष्यमाथि चिन्ता बढिरहेको बेला सर्वोच्च अदालतले प्रदूषण न्यूनीकरणमा बल पुग्ने ढंगले परमादेश दिएको छ। अब लुम्बिनीबाट १५ किमी दूरीमा उद्योग चलाउन पाइने छैन। भएका उद्योग समेत बन्द गर्नुपर्ने वा स्थानान्तरण गर्नुपर्ने सर्वोच्चको परमादेश छ।

सर्वोच्च अदालतले २०७६ असार १२ गते लुम्बिनी विकास कोष वरपरको १५ किलोमिटरमा उद्योग सञ्चालन नगर्न र भएका पनि बन्द गर्न आदेश दिएको थियो। तर उक्त आदेशको कार्यान्वयन भएन। पहिले दिएको आदेश कार्यान्वयन नभएको बेला विश्व सम्पदा सूचीमा रहेको पुरातात्विक महत्वको स्थल लुम्बिनीमा असर पर्ने भन्दै परेको रिटमा अदालतले उद्योग चलाउन नपाउनेसहित चार बुँदे परमादेश जारी गरेको हो। अदालतले परमादेशमा भैरहवा–लुम्बिनी सडकको दायाँ, बायाँ ८ सय मिटर भित्र धुलो धुवाँ तथा कार्बन उत्सर्जन गर्ने कुनै पनि नयाँ उद्योग स्थापना गर्न अनुमति नदिन भनेको छ। अहिले चलेका उद्योग दुई वर्षभित्र स्थानान्तरण गर्नुपर्ने, त्यसो गर्न नसकेमा बन्द गर्नुपर्ने सर्वोच्चले भनेको छ। उद्योगहरु स्थानान्तरण भएपछिको खाली जग्गामा पर्यटनमैत्री व्यवसाय सञ्चालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध गराउन परमादेशमा भनिएको छ। सम्पदा संरक्षण विपरीतका गतिविधि, जथाभावी पूर्वाधार निर्माण र औद्योगिक प्रदूषणलगायतका कारणले युनेस्कोले विगतदेखि खतराको सूचीमा राख्ने भन्दै सन् २००२ देखि चेतावनी दिँदै आएको थियो। सन् २०२२ मा पत्र पठाएर सचेत गराएको थियो। विश्व सम्पदा समितिको सचिवालयले खतराको सूचीमा राख्ने मस्यौदा तयार गरेपछि पर्यटन मन्त्रालय, लुम्बिनी विकास कोषका अधिकारीहरुले कुटनीतिक पहल गरेपछि खतराको सूचीबाट पर्न जोखिएको थियो। यद्यपी युनेस्कोको सूचीबाट लुम्बिनी हट्न सक्ने जोखिम उत्तिकै छ। लुम्बिनी क्षेत्रमा रहेका सिमेन्ट, स्टील, इट्टा, कागजलगायत उद्योगहरु प्रदूषणको प्रमुख कारक रहेको भन्दै सुधारको लागि पटक-पटक प्रदूषण न्यूनीकरणको लागि उद्योग र सरकारको ध्यानाकर्षण गराएको भए पनि कार्यान्वयन हुन सकेको थिएन्। लुम्बिनी क्षेत्रमा रहेका चार दर्जन उद्योगमध्ये एक दर्जन सिमेन्ट उद्योग छन्। यी उद्योग अत्याधिक प्रदूषण गर्ने उद्योग हुन्। लुम्बिनीमा प्रदूषण बढ्नुको मुख्य कारण त्यस क्षेत्रमा भएका उद्योग रहेको विभिन्न अध्ययनको निष्कर्ष छ।

सर्वोच्चको चार बुँदे परमादेशले लुम्बिनीलाई प्रदूषणबाट जोगाउने मार्गनिर्देशन प्रष्ट भएको छ, जुन विषय कार्यान्वयनका लागि सरकार बाध्य हुनेछ। दबाब र प्रभावबाट कानुन कार्यान्वयनमा बेवास्ता हुँदै आएको बेला सर्वोच्चको परमादेश कार्यान्वयन हुँदैन कि भन्ने आशंका गरिरहन आवश्यक किन पनि छैन भने परमादेश अनिवार्य पालना गर्नु र गराउनुपर्छ। परमादेशसँगै अब सरकारले उद्योगहरुलाई स्थानान्तरणको लागि प्रेरित गर्नुपर्छ। स्थानान्तरण हुने उद्योगलाई आवश्यक सहुलियतको सुविधा हुनुपर्छ। खाली जग्गामा पर्यटनमैत्री उद्योग सञ्चालनका लागि राज्यले आकर्षक प्याकेज ल्याएर लगानी आकर्षित गर्नुपर्छ।

# नेप्से परिसूचक ३८ अङ्कले घट्यो



काठमाडौँ। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकमा बिहीबार उच्च अङ्कले गिरावट भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक ३८ दशमलव १० अङ्कले ओरालो लागेर दुई हजार ७८१ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ७४ अङ्कले ओरालो लागेर ४७७ दशमलव ६८ मा सीमित भएको छ। कूल एक करोड ७८ लाख ९१ हजार ९१७ कित्ता शेयर रु आठ अर्ब नौ करोड ५६ लाख १० हजार ४४५ मूल्यमा खरिदबिक्री भएको छ।

कारोबारपछि शेयर बजारको कूल पुँजीकरण रु ४६ खर्ब ४७ अर्ब १८ करोड ५१ लाख ९९ हजार ५०८ बराबर पुगेको छ। कारोबारका आधारमा विकास हाइड्रोपावर, मैलुङ खोला जलविद्युत् कम्पनी, थ्रिस्टार हाइड्रोपावर, एनएजी इन्स्योरेन्स कम्पनी र पिपल्स पावर कम्पनीका शेयरधनीले कमाएका छन्।

यस्तै, ओरियण्टल होटल, लुम्बिनी विकास बैंक, साग्रिला डेभलपमेन्ट बैंक, सिकलेस हाइड्रोपावर र जनउत्थान सामुदायिक लघुवित्तका शेयरधनीले गुमाएका छन्।

## मध्यम मार्गमा मानवीय चिन्तनः

# बौद्ध धर्मको माध्यमिक दर्शन



कमल सिलवाल

*प्रत्यक्ष या परोक्ष दुबै रुपमा आज विश्व युद्धको चपेटामा छ। युद्धको मूल कारण भनेकै 'आफ्नो' भन्ने भाव हो। आफ्नो राष्ट्र, धर्म, विचार, जात, वर्ग जस्ता कुरालाई नै अन्तिम सत्य मान्नाले मान्छे मान्छे बिचमा दुरी बढेको छ, बैमनस्यता बढेको छ। एकअर्काको धारणा र दृष्टिकोण सुन्न पनि तयार छैनौँ। यो अवस्थामा माध्यमिक दर्शन मानव जातिको लागि अमूल्य नीधिका रुपमा उपस्थित भएको छ। जब मानिस शून्यतालाई मात्र अन्तिम सत्यका रुपमा ग्रहण गर्न आरम्भ गर्छ, तब उसमा सबैका भाव र विचार सुन्ने र समाधान केन्द्रित व्यवहार गर्ने सीपको विकास हुन्छ। यहि नै अहिंसा र करुणाको आधार हो।*

मानिसको जीवन निरन्तर यात्राको अर्को नाम हो। एउटा यात्रा, जहाँ अनवरत रुपमा खोजी कार्य चलिरहन्छ। त्यसैले जीवनलाई अनवरत खोजीको कथा हो भन्न पनि सकिन्छ। भौतिक सम्पन्नताको खोजीमा निस्किएको मान्छे विस्तारै मानसिक समृद्धिको खोजीतर्फ लाग्छ अनि खोज्न थाल्छ, सुख के हो, सत्य के हो, जीवनको अर्थ के हो। जब मान्छे आफैँलाई खोज्न आरम्भ गर्छ, तब ऊ दुई अतिवादका बिचमा अल्झिन पुग्छ। एउटा अति जसले यथार्थ र दृश्य वस्तुलाई जोड दिन्छ अनि अर्को अति जसले अलौकिक सत्यको बाटोलाई मात्र जोड दिन्छ। एकातर्फ संसारलाई ठोस र स्थिर मान्ने अतिवाद छ भने अर्कोतर्फ सबै कुरालाई मिथ्या र खालि ठान्ने अतिवाद छ। यिनै दुईको द्वन्द्वको चक्रबाट मुक्तिको बाटो खोज्ने मानवीय प्रयासको उत्कृष्ट अभिव्यक्ति हो, बौद्ध धर्मको माध्यमिक दर्शन। यो दर्शन केवल मानवीय साधन या औजार मात्र होइन, यो दर्शनको जगमा एउटा सामान्य लाग्ने, तर गहन प्रश्नको समाधान लुकेको छ। वास्तविकताको स्वरुप र त्यो स्वरुपको दर्शन गराउने दक्षता लुकेको छ।

आजको हाम्रो दैनिक जीवनलाई नियाल्ने हो भने हामी हाम्रा वरपरका वस्तुहरुलाई कति गहिरो गरी चाहान्छौँ ? 'म' र 'मेरो' को भावबाट कति नियाल्छौँ ? आफू हुनुको अर्थ र 'म' को अस्तित्वलाई कति गहिरोसँग प्रेम गर्छौँ ? एकपटक सोचेर हेरौ त। आफूलाई ठोस, स्वतन्त्र र स्वायत्त अस्तित्वको रुपमा हेर्न खोज्छौँ। यही स्वतन्त्र र स्वायत्त चिज नै 'अहं' र 'आत्मा' को रुपमा परिभाषित हुँदै यसैबाट पूर्णरुपले सुरक्षा र पहिचानको अपेक्षा राख्छौँ। अर्कोतर्फ हेर्ने हो भने कुनै कारणवस गहिरो दुःख वा संकट आइपर्दा दुविधामा पर्छौँ र विचलित हुन पुग्छौँ। संसारमा उपलब्ध भौतिक सुख-सुविधा प्रतिको आशक्ति पनि उत्तिकै छ। सम्बन्ध र सुख सुविधा कहिल्यै छुट्दैनन् वा आफ्ना लागि स्थिर छन्, जस्तै गरेर बाँच्ने प्रयास गर्छौँ। तर समयले बिस्तारै सिकाउँदै लैजान्छ, जसलाई स्थिर र आफ्नो मानेको थियो, ती त सबै परिवर्तनशील र अस्थायी रहेछन्। भौतिक सुखसुविधा, साधन स्रोत र सम्बन्धमा खोजिएको स्थायित्व र समयले देखाइदिने परिवर्तन, यही नै अस्तित्वले मानवलाई प्रदान गरेको मौलिक पीडा हो। यसैलाई बौद्ध दर्शनले दुःखको रुपमा परिभाषित गर्दछ।

माध्यमिक दर्शनका प्रतिपादक आचार्य नागार्जुनले मानवले भोगेको यही नियतिलाई केन्द्रमा राखेर भगवान बुद्धले बताउनु भएको प्रतित्यसमुत्पादको सिद्धान्तलाई विस्तृत व्याख्या गर्दै मूलमाध्यमिककारिका शास्त्रको सिर्जना गर्नुभयो। भगवान बुद्धको शिक्षालाई व्यापीकरण गर्ने क्रममा आचार्य नागार्जुनले महसुश गर्नु भयो, मानिस आ-आफ्नै दृष्टिकोणलाई अन्तिम सत्य मानेर द्वन्द्वमा फँस्दै गइरहेको छ। पारिवारिक कलह, सामाजिक द्वेष र राष्ट्रहरु बिचको युद्ध केबल आफ्नो दृष्टिकोण मात्रै अन्तिम सत्य मान्नु र त्यसैको मूर्त रुपलाई मात्र स्वीकार गर्न खोज्नु हो। शाश्वतवाद र उच्छेदवादका बिचमा अल्झिएको मानवको जीवन यात्रालाई सहज गन्तव्य प्रदान गर्नका लागि भगवान बुद्धले बताउनु भएको मध्यमा प्रतिपदाको अनुशरण गर्दै आचार्य नागार्जुनले आफ्नो कृति मूलमाध्यमककारिकामा शून्यताको मानवीय अवधारणा प्रस्तुत गर्नु भयो।

**शून्याताः भ्रम बिहीन मानवीय दृष्टिकोण**

बौद्ध दर्शनको शून्यतालाई प्रायः गलत बुझाइन्छ, बुझिन्छ। शून्यता भनेको निराशावादी, शून्यवादी या 'कुनै पनि चिज नहुने' भन्ने भाव होइन। हामी संसारलाई जुन रुपमा देख्छौँ, त्यो रुपमा यो संसार अस्तित्व मै छैन भन्ने भाव शून्यता होइन। बरु हामीले जे देख्छौँ त्यो नै यो संसारको अन्तिम सत्य होइन भन्ने चै शून्यताको सिद्धान्त हो। शून्यतालाई अन्तनिर्भरताको सिद्धान्त पनि भन्न सकिन्छ। शून्यताको सिद्धान्तले भगवान बुद्धको अनित्य र अनात्मको शिक्षालाई सहज रुपमा व्याख्या गर्न मद्दत पुऱ्याउँछ। संसारमा कुनै पनि वस्तु स्वतन्त्र रुपले आफैँ वा आफ्नै शक्तिले अस्तित्वमा आएको होइन, त्यो बस्तु अस्तित्वमा हुनको लागि असंख्य कारण र अवस्थाहरुको सहभागिता रहेको हुन्छ भन्ने मत नै शून्यताको मत हो।

विभिन्न कारणहरुबाट एकिकृत भएर बनेका पानीका बिन्दुहरु संकलित हुँदै जब बग्न थाल्छन्, हामी तिनलाई नदीको संज्ञा दिन्छौँ। 'नदी' भन्ने संज्ञाले व्यवहारिक सहुलियत त प्रदान गर्ला, तर यो शब्दले कुनै ठोस, स्वतन्त्र र स्थायी सत्ताको प्रतिनिधित्व गर्न सक्दैन। हामीले देख्ने वा भन्ने नदी त मौसम, भौगर्भिक संरचना, मानवीय हस्तक्षेप जस्ता असंख्य कारणहरुबाट प्रभावित हुन्छ। यो त एउटा प्रक्रिया मात्र हो। ठीक त्यसैगरी 'म' भन्ने अहं पनि शरीर, मन, संस्कार, अनुभव, समाज जस्ता असंख्य अवयवहरुको अस्थायी गठजोड मात्र हो। यो न त जन्मदेखि नै स्थायी छ, न त मृत्युपछि नै उस्तै रहने छ। यसको कुनै स्थायी तत्व वा आत्मा छैन, ठोस सार छैन। यो शून्य छ, अर्थात् स्वतन्त्र, स्वनिर्भर अस्तित्वबाट खाली छ। यही खालीपन या शून्यतालाई आत्मसात गर्न नसक्दा हामी दुःखको भुमरीमा फँसेका छौँ। जब जब हामी बस्तु वा व्यक्तिलाई ठोस वा स्थायी मान्छौँ, त्यस प्रतिको आशक्ति बढ्न थाल्छ। त्यही आशक्तिले दुःख निम्त्याउँछ। जब शून्यताको अनुभव हुन्छ, परिवर्तनशीलताको ज्ञान हुन्छ र अस्तित्व नै एक अर्कामा अश्रित रहेको कुरा बोध हुन्छ, वास्तविकतालाई भ्रम बिना स्वीकार गर्ने क्षमता बढ्छ। यही नै मानवीय रुपान्तरण हो। यही नै दुःख मुक्तिको उपाय पनि हो।

**माध्यमिक दर्शनको व्यवहारिक दृष्टिकोण**

माध्यमिक दर्शन केवल आचार्य नागार्जुनको दार्शनिक पाण्डित्य मात्र होइन। यो त जीवन बाँच्न सिकाउने सुत्र हो, बाँच्ने कला हो। माध्यमिक दर्शनको अनुशरणले स्वयम्, परिवार, समाज र विश्वलाई नै खुसीसाथ बाँच्ने आधार प्रदान गर्दछ।

**आफूप्रतिको दृष्टिकोणमाः**

हामी प्रायः आफूलाई सफलता र असफलताको तराजुमा जोखिरहेका हुन्छौँ। स्वयमलाई या दोस्रो व्यक्तिलाई त्यसरी नै परिभाषित गरिरहेका हुन्छौँ। बिर्सन्छौँ कि, यी कुराहरु त समय र सामाज सापेक्ष हुन्छन्। जब हामीलाई माध्यमिक दर्शनको ज्ञान हुन्छ तब ती सफलता र असफलता जस्ता कुराहरुको अस्तित्वमाथि नै प्रश्न उठ्न आरम्भ हुन्छ। जब ती संज्ञाहरुको निरपेक्ष अस्तित्व भेट्दैनौँ, तब अहंकार तथा निरशा जस्ता भ्रमहरुबाट मुक्त हुन्छौँ र आ-आफ्नो यात्रामा केन्द्रित हुन्छौँ। सफलता र असफलता जस्ता विषयहरु केवल संज्ञा हुन्, स्वभाव नभएका शून्य हुन भन्ने ज्ञान भएको मानिस अनावश्यक प्रतिस्प्रधामा सहभागी हुँदैन बरु सत्यको यथार्थ बोधका साथ सुखद यात्रामा निरन्तर बढिरहन्छ।

**समाजिक र पारिवारिक सम्बन्धहरुमाः**

आजको दैनिकीमा शत्रु र मित्र जस्ता संज्ञाहरु सामान्य बनेका छन्। व्यक्तिलाई ठोस र स्थायी रुपमा देख्नाले, बुझ्नाले हामी उसमा शत्रुता वा मित्रता देख्न थाल्छौँ। वस्तु जस्तै चेतना पनि निरन्तर परिवर्तनशील छ भन्ने माध्यमिक दर्शनको भाव स्वीकार्ने हो भने घृणा र मोह जस्ता विषयहरुबाट मुक्त भई व्यक्तिलाई जस्तो छ त्यस्तै रुपमा स्वीकार्न सक्ने क्षमताको विकास हुनपुग्छ। शत्रुता र मित्रताको भाव शून्य हुन्छ। यही भाव नै सम्बन्धलाई स्वस्थ बनाउने आधार हो।

**संवेदनाहरुको व्यवस्थापनमाः**

'मलाई चिन्ता छ', 'मलाई डर छ', 'मलाई तनाव छ', जस्ता पदावलीहरु आजका हाम्रा दैनिकी हुन्। चिन्ता, डर, तनाव जस्ता कुराहरुलाई वास्तविक भावना सम्झेर तिनीहरुमा नै अल्झेको मानिस आफैँलाई हानी गर्न पुग्छ। यस्ता दुर्घटनाहरुको समाचार नियमित जस्तै सुनिन्छन्। यी त भावना हुन् वास्तविकता होइनन्, यिनीहरुको स्वतन्त्र अस्तित्व छैन, अस्तित्वविहीन शून्य छन् भन्ने कुरा बुझ्न र स्वीकार गर्न नसक्नु नै त्यस्ता दुर्घटनाहरुको कारण हो। भावनाहरु त समुन्द्रमा उठ्ने छालहरु जस्तै अस्थायी तरंग हुन् भन्ने कुरा ज्ञात भएको अवस्थामा मानसिक स्वास्थ्यको लागि अनमोल वरदान हुनेछ। शून्यताको ज्ञानले भावनामा डुब्न लागेको अवस्थामा किनारामा डोहोऱ्याएर ती भावनाहरुलाई तटस्थ निरीक्षण गर्ने क्षमता प्रदान गर्दछ। माध्यमिक दर्शनले यहि सिकाउँछ। भावनाहरु वा संवेदनाहरु उत्पन्न हुन्छन् अनि टुङ्गिन्छन् पनि। परिस्थितिले निम्त्याएका संवेदनाहरु स्थायी छैनन्। यी स्वभावहीन तरंगहरुलाई प्रतिक्रिया जनाउनु उपयुक्त हुँदैन। यत्ति कुरा बुझेको मानिस सुखद जीवन बाँच्न सफल हुन्छ।

**अन्तरसंघर्षको समाप्तिमाः**

प्रत्यक्ष या परोक्ष दुबै रुपमा आज विश्व युद्धको चपेटामा छ। युद्धको मूल कारण भनेकै 'आफ्नो' भन्ने भाव हो। आफ्नो राष्ट्र, धर्म, विचार, जात, वर्ग जस्ता कुरालाई नै अन्तिम सत्य मान्नाले मान्छे मान्छे बिचमा दुरी बढेको छ, बैमनस्यता बढेको छ। एकअर्काको धारणा र दृष्टिकोण सुन्न पनि तयार छैनौँ। यो अवस्थामा माध्यमिक दर्शन मानव जातिको लागि अमूल्य नीधिका रुपमा उपस्थित भएको छ। जब मानिस शून्यतालाई मात्र अन्तिम सत्यका रुपमा ग्रहण गर्न आरम्भ गर्छ, तब उसमा सबैका भाव र विचार सुन्ने र समाधान केन्द्रित व्यवहार गर्ने सीपको विकास हुन्छ। यहि नै अहिंसा र करुणाको आधार हो।

**अन्तमाः**

ग्रीक दार्शनिक हेराक्लिटसले भनेका थिए, 'तपाईँ एउटै नदीमा दुई पटक प्रवेश गर्न सक्नु हुन्न,' माध्यमिक दर्शनले पनि यहि गतिशीलतालाई केन्द्रमा राखेको छ। वास्तवमा माध्यमिक दर्शन मानिसले भोग्दै आएको दुःख र पीडाको व्यवहारिक समाधान हो। यसले भौतिकवादी लालसा र आध्यात्मिक निराशाको द्वन्द्वबाट निकालेर जीवनको सम्पूर्णतालाई स्वीकार्ने कला प्रदान गर्दछ। सुख-दुःख, लाभ-हानी, यश-अपयश जस्ता भावनात्मक कुराहरुलाई समान रुपमा ग्रहण गर्ने क्षमता प्रदान गर्दछ। वास्तवमा माध्यमिक दर्शनको शून्यता सुखद जीवनको यथार्थवादी आशावाद हो। माध्यमिक दर्शन हाम्रो आन्तरिक यात्राको स्पष्ट मानचित्र हो। यस्तो मानचित्र जसले कुनै स्थानमा बाँध्दैन बरु मुक्त गराउँछ। संसारको परिवर्तनशीलता, अन्तर्निर्भरता र अद्भुत जटिलतालाई सहज रुपले नियाल्न मद्दत पुर्याउने दर्शनको अध्ययनले हामीलाई करुणा र ज्ञानको बोध गराउँछ। यो नै भ्रमरहित पूर्णरुपमा जागृत भएर बाँच्न सिकाउने 'बुद्धत्व' को मानवीय अवस्था हो।

भवतु सब्ब मंगलम्

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्नातकोत्तर तह प्रायोगिक बौद्ध अध्ययनतर्फ अध्ययनरत विद्यार्थी हुन्।)


**Mathagadhi Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Jhadewa, Palpa**

**INVITATION FOR BIDS**

Notice No:- 01-2082-083, First Date of Publication:- 2025-08-29 AD

1.Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invitesonly electronic bids foreligible bidders for construction of following Works under National competitive bidding Procedures.

| Contract Identification No. | Description of Work | Construction Turnover | Estimated Amount (with VAT) | Bid Security Amount | Fee for Bidding Document |
|---|---|---|---|---|---|
| MRM/RD/ NCB/WORKS/ 2082-83/01 | Asphalt Concrete work at Mohanchaupari-Manke-Sole-Dohara hudain Fedi Road | 50 million | NA | 1.4 million | 5000 |
| MRM/RD/ NCB/WORKS/ 2082-83/02 | Asphalt Concrete work at Sarai-Aeklewar-Sikarkot-Olesh Ring Road | NA | 15297960.75 | 400000 | 3000 |
| MRM/B/ NCB/WORKS/ 2082-83/03 | Construction of Canteen Block and Compound wall of Divyajyoti Secondary School, Mathgadhi-03, Palpa | NA | 19521644.83 | 450000 | 3000 |

Chief Administrative Officer

# सामुदायिक वनः ग्रामीण विकासका आधार

अर्घाखाँची । जिल्लाको शीतगङ्गा नगरपालिकाले सामुदायिक वनमार्फत् गाउँलाई हरित, विकसित र आत्मनिर्भर बनाइरहेको छ । सामुदायिक वनले सामाजिक उत्थान, रोजगारी सिर्जना, पूर्वाधार विकास, कृषि आधुनिकीकरण र आत्मनिर्भरता एकै साथ अगाडि बढिरहेका छन् ।

सामुदायिक वनले केवल हरियाली मात्रै होइन, आर्थिक सबलीकरण, पूर्वाधार निर्माण, रोजगारी सृजना र सामाजिक सेवाका विविध योजना पनि गाउँसम्म पुऱ्याउँदै आएको डिभिजन वन कार्यालय अर्घाखाँचीका वन अधिकृत केशव खड्काले बताए । नगरपालिकाभित्र रहेका विभिन्न सामुदायिक वनहरू सडक निर्माणदेखि विद्यालय, सिँचाइ कुलो, विजुलीको व्यवस्था, घाटगद्दी, अर्गानिक मल उत्पादनजस्ता काममा जुटिरहेका छन् । सामुदायिक वनले विकास निर्माणका क्षेत्रमै नभई रोजगारी सिर्जनासमेतमा ठूलो योगदान दिएका छन् ।

शीतगङ्गा नगरपालिकाअन्तर्गतका सामुदायिक वनहरूले आफ्नै आम्दानीबाट सडक, सिँचाइ, विद्यालय भवन, विजुली, मल उत्पादन, घाट गद्दी, तटबन्धजस्ता आधारभूत पूर्वाधार निर्माण गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी केशव खड्काले बताए । यस वर्ष काठ दाउरा बिक्रीबाट सामुदायिक वनले रु छ करोड ३९ लाख ५० हजार ७३९ आम्दानी गरेका छन् । डिभिजन वन कार्यालयका अनुसार काठ दाउरा बिक्रीबाट सामुदायिक वनले रु छ करोड ३९ लाख ५० हजार ७३९ आम्दानी भएको छ। वनको आम्दानीको रकम ७५ प्रतिशत वनमा आबद्ध समूहले प्राप्त गर्ने गरेको र अन्य २५ प्रतिशत रकम प्रदेश सरकारलाई जम्मा हुने प्रावधान छ।

मजुरेडाँडा सामुदायिक वन (शीतगङ्गा-१२ पत्थरकोट)ले स्थानीय सरकारसँग सहकार्य गरी रु २५ लाखको लागतमा सडक कालोपत्रे गरेको छ। सामुदायिक वनबाट रु १५ लाख र नगरपालिकाबाट रु १० लाख गरी रु २५ लाखमा सडक कालोपत्रे गरेको सामुदायिक वनका अध्यक्ष प्रदिप विसीले जनाए । उनी भन्छन्-'वन संरक्षणले मात्र होइन, आर्थिक व्यवस्थापन र सामाजिक उत्तरदायित्वले समुदायलाई आत्मनिर्भर बनाउँछ।'

त्यस्तै, धिरेखोला सामुदायिक वन (शितगङ्गा-१३)ले गाउँमा बिजुलीदेखि सिँचाइ कुलो, विद्यालय भवन, सडक निर्माण, साथै आधुनिक कृषि प्रवर्द्धनका लागि विभिन्न उपकरण वितरण गरेको छ । अध्यक्ष नारायण पौडेल भन्छन्- 'सामुदायिक वन उपभोक्ता समूहको आम्दानीबाट गाउँमा पुग्ने मोटरबाटो, सिँचाइ योजना, खानेपानी, विद्यालय भवन निर्माण, इन्टरनेट विस्तार, विद्युत् विस्तारलगायतका कार्य भएका छन् ।'

सडक निर्माण तथा मर्मत गर्ने कार्यमा झन्डै रु २० लाख खर्च भएको छ । गोरुसिङ्गे सन्धिखर्क सडकको डोहोटेबाट भङ्गाला गाउँमा जान सहज भएको छ। भङ्गाला गाउँको भित्री सडक पनि निर्माण तथा मर्मत भएका छन् । झन्डै रु ६० लाखको लगानीमा भङ्गाला सिँचाइ योजना पूरा भएपछि ५५ बिघा खेतमा सिँचाइ सुविधा पुगेको छ। सिँचाइले अन्नबाली मात्र हैन मौसमी तथा बेमौसमी तरकारी उत्पादन भएको छ।

कपिलवस्तु जिल्लाबाट रु १८ लाख खर्च गरेर गाउँमा बिजुली बत्ती पनि बालिएको छ । गाउँ अहिले झिलिमिली भएको छ । गाउँमा रहेको बालुकण्ठ आधारभूत विद्यालयमा केही वर्षअघि रु १२ लाखको लागतमा पाँचकोठे भवन निर्माण पनि सामुदायिक वनको आम्दानीबाट गरिएको छ । खानेपानी मर्मतमा वार्षिक रु ३० हजार खर्च हुन्छ। गाउँमा भगवती मन्दिर रु सात लाखको लागतमा निर्माण गरिएको छ।

उपभोक्ताको आयआर्जन बढाउनका लागि तरकारी खेती गर्ने, गाई/भैंसीपालन, बाख्रापालन, बङ्गुरपालन गर्ने कृषकलाई वार्षिक तीन प्रतिशत ब्याजदरमा ऋण लगानी पनि गरिएको छ। भैंसीपालनका लागि रु ७० हजार ऋण लिएका कृषक वसन्तप्रसाद भुसालले भने-'भैंसीपालन गरेर दूध बिक्री गरेर आम्दानी गरिरहेको छु।' कृषि तथा पशुपालन गर्ने उपभोक्ताको हितका लागि उनीहरूको मागका आधारमा हातेट्र्याक्टर वितरण, घाँस काट्नको लागि चाप कटहर वितरण गरेको छ । बिउको लागि बोका पनि वितरण गरेको छ। रोजगारीका लागि वैदेशिक रोजगारीमा गएका युवाहरू गाउँमा फर्किएर स्वरोजगारका काम गरिरहेका छन् ।

शीतगङ्गा-१४ स्थित पावर सामुदायिक वनले पातपतिङ्गरबाट प्राङ्गारिक मल उत्पादन सुरु गरेको छ । यस पहलले गाउँमा अर्गानिक खेतीको विस्तारसँगै डढेलो नियन्त्रण र रोजगारी सिर्जनाको वैकल्पिक बाटो खोलिदिएको शितगङ्गा-१४ का वडाध्यक्ष दामोदर न्यौपानेले बताए। डिभिजन वन कार्यालयको सहकार्यमा उक्त मल उत्पादन कार्यक्रमले अन्य सामुदायिक वनलाई पनि आकर्षण गरेको छ। अर्गानिक मलले स्थानीय कृषिमा नयाँ आशा पलाएको छ । आफ्नो मात्र हैन् नजिकैका अन्य चार वटा सामुदायिक वनसमेतको पातपतिङ्गर जम्मा गरी प्राङ्गारिक मल उत्पादनमा गरिएपछि जङ्गलमा डढेलो नियन्त्रण भएको छ।

डोहोटे सामुदायिक वन उपभोक्ता समूह (शीतगङ्गा-१२)ले विद्यालयमा शिक्षकको तलब व्यवस्था, शौचालय निर्माण, सडक निर्माण तथा आयआर्जन वृद्धि गर्न सदस्यलाई बाख्रा वितरणजस्ता कार्यक्रम सञ्चालन गरेको छ। समूहका अध्यक्ष रेशमराज बन्जाडेले भने-'हामीले विदेशी काठ आयात बन्द गरेर स्वदेशी काठ प्रयोग गरे सामुदायिक वनको काठ बिक्री समस्याको समाधान हुन्छ।'

उनका अनुसार रोजगार सिर्जना भएपछि वैदेशिक रोजगारीबाट फर्किएका युवा अहिले गाउँमै स्थायी रूपमा बसेर काम गर्न थालेका छन् । बुद्ध सामुदायिक बन शीतगङ्गा-१४ ले स्थानीयलाई रोजगारी दिएको छ। सामुदायिक वन सिँचाइ कुलो, सडक निर्माण, खोलाको कटान नियन्त्रण, पहिरो रोकथाम र घाटगड्डी व्यवस्थापनमा सक्रिय छ । गैडे सामुदायिक वन (शीतगङ्गा-११) घाटगड्डी व्यवस्थापन, तटबन्ध निर्माणलगायतका कार्यमा संलग्न छ। यसले बाढी नियन्त्रण, जमिन कटान जोगाउने, स्थानीय संरचना जोगाउनेजस्ता अनुकरणीय काम गरेको वडाध्यक्ष नवराज भुसालको भनाइ छ।

घौवा महिला सामुदायिक वन समूह शितगङ्गाले समूहको आयबाट विभिन्न गरिबी न्यूनीकरणअन्तर्गत हातेट्र्याक्टर र पानी तान्ने पम्प वितरण गरेको छ। समूहका १५ जना विपन्नलाई ७० प्रतिशत समूहको अनुदानमा हातेट्र्याक्टर वितरण तथा चार जनालाई पानी तान्ने पम्प वितरण गरिएको हो । हातेट्र्याक्टर र पानी तान्ने पम्प पाएपछि स्थानीयहरु पनि खुशी भएका छन् ।

अर्घाखाँचीका सामुदायिक वनहरूले देखाएको प्रयास केवल वन संरक्षणमा सीमित छैन, यो सम्पूर्ण गाउँको सामाजिक रूपान्तरणको अभियान हो । सामुदायिक वनहरूको आम्दानीबाट गाउँको पूर्वाधार निर्माण, कृषि यान्त्रीकरण, शिक्षामा लगानी, रोजगारी सिर्जना र वातावरण संरक्षणजस्ता काम सम्भव भएका छन् । सामुदायिक वन मात्र वन संरक्षणको यन्त्र नभई ग्रामीण विकासको मेरुदण्ड बन्ने सामर्थ्य राख्दछ भन्ने तथ्यलाई यहाँका सामुदायिक वनहरुले पुष्टि गरेका छन् ।

**संकटको...**

शर्माले माओवादी केन्द्र र एमालेबिच एकता भएर नेकपा बनेको समयमा जनतामा उत्साह जागेपनि विभाजनसँगै निराशाको श्रृंखला सुरु भएको स्मरण गरे । सत्ता स्वार्थले नेकपा विघटन भएको भन्दै उनले चिन्ता व्यक्त गरे। आजको नयाँ पुस्ताले चाहेको के हो ? जेनजी पुस्ताको पनि बहस भइरहेको छ ? सबै आवश्यकतालाई सम्बोधन गर्ने गरी कम्युनिस्ट आन्दोलनलाई ध्रुवीकरण र पुनर्गठन गर्नुपर्छ । वृहत्त राष्ट्रिय स्वार्थमा केन्द्रित भएर पुनर्गठन गर्नुपर्छ।'-उनले भने।

शर्माले २०७४ सालमा नेकपा गठन हुँदा नेता तथा कार्यकर्तामा निकै उत्साह देखिएको तर नेताहरूको स्वार्थका कारण चिसो पानी खन्याइएको आरोप लगाए।

'नेकपा गठन गर्दा नेता तथा कार्यकर्तामा निकै उत्साह देखिएको थियो। तर सत्ता स्वार्थका कारण उत्साहमा चिसो पानी खन्याइयो । कसले गऱ्यो व्यक्तिगत आरोप लगाउन चाहन्न । झन्डै दुई तिहाइ मत पाएको पार्टी विघटन भयो। यस्तो किन भयो भन्दा पार्टीभित्र अलोकतान्त्रिक गतिविधिका कारण, वैचारिक अभावका कारण समस्या आएको छ', उनले भने-'अब पुराना पुस्तालाई गाली गरेर होइन । विगतबाट शिक्षा लिएर जनताको पार्टी बनाउनुपर्छ । यसका लागि सम्पूर्ण कम्युनिस्ट पार्टीलाई एकीकृत बनाएर लैजान निरन्तर अभियान चलाउनुपर्छ।'

कार्यक्रममा उनले नयाँ अभियान लिएर जानुपर्ने बेला सरकारमा जान छामछुम गरिरहेको आरोप लगाए। पार्टीलाई आफ्नो बिर्ता जस्तो ठानेका कारण कम्युनिस्ट पार्टीभित्र समस्या देखिएको शर्माले बताए।

देशको आर्थिक प्रणाली अझै पञ्चायती शैलीमै रहेको र दलाल पुँजीवादले कब्जा गरेको उनको आरोप छ। 'लोकतन्त्र जनताको नभई दलाल पुँजीवाद र भ्रष्टहरूको हातमा पुगेको छ,' उनले भने-'४७ देखि ५० लाख युवाले रोजगारी नपाएर खाडी मुलुक रोज्नुपरेको छ, खेतबारी बाँझो छन्, प्राकृतिक स्रोत साधनको सदुपयोग छैन । शिक्षा, स्वास्थ्य र नागरिकको दैनिकीमा लोकतन्त्र अझै आएको छैन।'

रुपन्देहीका वामपन्थी नेता कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको कार्यक्रममा शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान नेपालका अध्यक्ष वसन्त श्रेष्ठ, उपाध्यक्ष शरद ओली, सचिव विरेन्द्र सीलगायतले बोलेका थिए।

**स्याङ्जाका...**

राम्रो चरन भएको ठाउँका मौरीको घारबाट वर्षमा जेठ-असार, असोज-कार्तिक र फागुन-चैत्रमा गरि तीन पटक मह निकाल्ने (काड्ने) गरिन्छ। उत्पादित महको ७० प्रतिशत ठूलो हिस्सा स्थानीय बजारमा खपत हुँदै आएको छ भने ३० प्रतिशत पोखरा, बुटवल र काठमाडौं जस्ता सहरमा निकासी हुँदै आएको छ।

जेठ-असार र असोज-कार्तिकमा निकालेको मह राम्रो र गुणस्तर देखिन्छ भने फागुन-चैत्रमा निकाल्ने मह गुणस्तरीय भए पनि राम्रो नदेखिने २५ वर्षदेखि मौरीपाल्दै आएका ७४ वर्षीय अनुभवी कृषक श्यामप्रसाद अर्याल बताउँछन् । राम्रो चरनका पहाडे मौरीको मह स्थानीय बजारमै खपत हुँदै आएको दाबी गर्ने अर्यालले भारतीय कम्पनीमा बनेका कृत्रिम महले सक्कली (स्थानीय/रैथाने) महको बजार बिगारेको सुनाए।

पछिल्ला केही वर्षदेखि व्यावसायिक कीट विकास केन्द्र बन्दिपुर तनहुँले मौरीपालन र च्याउ खेतीमा स्याङ्जाका कृषकलाई सहयोग गर्दै आएको केन्द्रले जनाएको छ । केन्द्रको सहयोगमा मौरीपालक र च्याउ खेती गर्ने कृषकको संख्या र उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ।


## सडक पूर्वाधार विकास कार्यालय

तम्घास, गुल्मी।

### प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१३ (29th Aug, 2025)

यस कार्यालयबाट मिति २०८२/०३/२६ गते लुम्बिनी राष्ट्रिय दैनिकसाथै धधध.दयउिबतचब.नयख.लउ/भनउ माप्रकाशित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित समय भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएका हुदाँ निम्न स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरी प्राविधिक प्रस्ताव स्वीकृतको लागि छनौट भएको हुदाँ सम्बन्धित सबैको जानकारिको लागि सार्वजनिक खरिद नियमावली २०६४ को (संशोधन सहित) को नियम ३१ (ज) को उपनियम५बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

| S. N | Name of Project | Contract ID | Substantially Responsive Bidder in Technical Evaluation | Opening Date, Time & Venue |
|---|---|---|---|---|
| 1 | Upgrading of Shiladi-Ghamir-arkhabang-Municipality Access Blacktop Road | RIDO/GUL/W/NCB/ROAD/134/102/081-82 | TirupateNirmanSewa Pvt. Ltd., Dang | Date: 2082/05/20 (5th Sep., 2025) Time: 11:00 Venue: RIDO, Gulmi |
| | | | Basana-Arjun JV, Gulmi | |
| | | | Akriti-SRP-Rocket JV, Butwal-8, Rupandehi | |
| | | | Aattreya/Nagarik/Soli Thumka JV, Ktm. | |
| 2 | Upgrading of Rudrabeni-Aslewa-Thulolumpek-Purtighat-Road, Satyawati Ga. Pa., Gulmi | RIDO/GUL/W/NCB/ROAD/134/103/081-82 | Rajesory Construction Pvt. Ltd., Gulmi | |
| | | | GajindraNirman Pvt. Ltd., Syangja | |
| | | | Ramechhap Sherpa Construction, Gulmi | |
| | | | Bibek&Kuber Builders Pvt. Ltd., Syangja | |
| | | | Himali-Niwas JV, Pokhara | |
| | | | PL/Budhisara JV, Pokhara | |
| | | | New Liza/AP JV, Rolpa | |
| | | | Sagar-Samjhana JV, Arghakhanchi | |
| | | | Nayayug Construction/Bishnu Nirman JV, Lalitpur | |
| | | | Darshan/RangkholaSiddhababa J.V, Syangja | |
| | | | Gautamland-Rambole-Tista JV, Ktm. | |
| | | | Aattreya/Nagarik/Soli Thumka JV, Ktm. | |
| | | | Aajiwan-Betraganaga-RNB JV, Rasuwa | |
| | | | Bohora-Kasara-BSD JV, Ktm. | |
| 3 | Upgrading of Chaldi-Panaha-Indragauda-Road, 14.8 K.M. Gulmi | RIDO/GUL/W/NCB/ROAD/134/103/081-82 | GajindraNirmanSewa Pvt. Ltd., Syangja | |
| | | | Darshan Construction Private Limited, Syangja | |
| | | | Nayayug Construction Pvt. Ltd., Lalitpur | |
| | | | Shree Creative Engineering & Construction Pvt. Ltd., Syangja | |
| | | | Bibek&Kuber Builders Pvt. Ltd., Syangja | |
| | | | Sunil SamriNirmanSewa Pvt. Ltd., Gulmi | |
| | | | Aajiwan-Betraganaga JV, Rasuwa | |
| | | | Khanchi-Morden J.V., Ktm. | |
| | | | Nim-Ganesh JV, Rupandehi | |
| | | | Saphal-Dajubhai J.V., Chitwan | |
| | | | Gautamland-Rambole-Tista JV, Ktm. | |
| | | | Ramechhapsherpa/Suryodaya/SmirtiBishal J.V., Gulmi | |
| | | | Bohora-Kasara-Uttam JV, Ktm. | |
| | | | Barun-Purnachandi-Drama J/V, Palpa | |
| | | | Jalsamundradevi-B.S. Dhaulagiri-KB Gurung JV, Bhaktapur | |



## KAWASOTI MUNICIPALITY

### OFFICE OF THE MUNICIPAL EXECUTIVE

GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication:2082/05/13

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the followingconstruction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos.and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 06/KM/NCB/WORKS/2082/83 | Road Upgrading and Drain works at Kawasoti -16 (Srijansil, NilgiriGaira and Saatghare) | 25,11,987.68 | 2082/06/12, BS) Upto 12Hr | 120 days | 72,500 | 3,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**



### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# भूमि विधेयकविरुद्ध भैरहवामा प्रदर्शन




भैरहवा । भूमि विधेयकविरुद्ध जनता समाजवादी पार्टी नेपालले भैरहवामा प्रदर्शन गरेको छ । बिहीबार जसपा नेपाल जिल्ला समिति, रुपन्देहीले भैरहवाको हनुमान मन्दिर अगाडि विरोध प्रदर्शन सुरु गरी गल्लामण्डी हुँदै मिलनचोकमा आएर प्रदर्शन गरेको हो ।

भूमि र वन बचाउ, मधेश मरुभुमिकरणबाट जोगाउ, मधेशलाई मरुभूमिकरण गर्न पाइदैन, मधेशी विरोधी भूमि विधेयक चाहिँदैनलगायतका नाराका साथ कार्यकर्ता तथा नेताहरुले नाराबाजी गरेका थिए । जसपा नेपालले भूमिसम्बन्धी विधेयक मुलुक र जनताको हितमा नरहेको, भू-माफिया, जग्गा दलालको हित हुने र यसबाट वनजंगल विनाश भइ तराई-मधेश मरुभूमिकरण हुने भएकाले सुरुदेखि नै यसको विपक्षमा रहेको बताउँदै आएको छ ।

पार्टीको केन्द्र तथा प्रदेश समितिको निर्देशनअनुसार प्रदर्शनमा उत्रिएको जसपा नेपाल रुपन्देहीका अध्यक्ष सियाराम यादवले बताए ।

विरोधसभामा बोल्दै जसपा नेपालका केन्द्रीय सदस्य कैलाश गुरुङले बाध्य भएर आफूहरु आन्दोलनमा उत्रिनुपरेको र सरकारले यो आन्दोलनलाई कमजोर ठाने अझ सशक्त रुपमा अगाडि बढ्ने बताए ।

त्यस्तै पार्टीको केन्द्रीय सदस्य निलम यादवले भूमि विधेयक जनताको पक्षमा नरहेको दाबी गर्दै जसपा नेपालले भूमि विधेयक पारित हुन नदिएपछि पार्टी अध्यक्ष उपेन्द्र यादवलाई फसाउन खोजिएको बताइन ।

पार्टीको केन्द्रीय सदस्य रीता यादवले वर्तमान सरकारले वनजंगल विनाश गरेर मधेशलाई मरुभूमि बनाउन खाजेको आरोप लगाइन । जसपा नेपाल लुम्बिनी प्रदेशका कार्यबाहक अध्यक्ष राम अवतार यादव, पार्टीको लुम्बिनी प्रदेश कोषाध्यक्ष तथा रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादव, जसपा नेपाल लुम्बिनी प्रदेश कार्यकारिणी सदस्य बच्चुलाल केवट, इना मुल्लाह फकिर, समाजवादी युवा संघ, नेपालका केन्द्रीय वरिष्ठ उपाध्यक्ष राहुल यादव, पार्टीको गैडहवा गाउँपालिका अध्यक्ष शिवकुमार यादव, नेता ब्यासमुनी चौधरी, सिद्धार्थनगरका अध्यक्ष जावेद आलम लगायतले बोल्दै अहिले भ्रष्टाचारी सरकार काण्डै काण्डमा मुछिएकोले परमादेश जारी गरेर अध्यक्ष माथि षड्यन्त्र गर्न खोजेको आरोप लगाए, यो विधेयक पास भए मधेसी जनताको खतरनाक हुने हुँदा पास गराउन नहुने उनीहरुको भनाइ छ । नेताहरुले जनताको विपक्षमा कुनै पनि कदम चालिए पार्टीलाई स्वीकार्य नहुने बताउँदै यो आन्दोलनको सुरुवात हो र अब चोक चोक मा आन्दोलन हुने बताए । देश र जनताको हितमा सधैँ नै जसपा नेपाल अगाडि रहेको र रहने बताए ।

पार्टीको रुपन्देही जिल्ला सचिव विष्णु अधिकारीले ले अब निरन्तर कार्यक्रम तय गरी प्रदर्शनको कार्यक्रम अघि बढ्ने बताए । शुक्रबार धकधई, शनिबार पर्सा चोक विरोध प्रदर्शनको कार्यक्रम रहेको छ ।

# देवदह प्रिमियर लिग असोजमा

देवदह । देवदहमा दोस्रो संस्करणको देवदह प्रिमियर लिग (डीपीएल)-२०८२ आगामी असोज १८ गतेदेखि सुरु हुने भएको छ । 'क्रिकेट युद्ध' भन्ने नारासहित हुने यो प्रतियोगिता देवदहका युवाबिच बढ्दो लोकप्रियता हासिल गरिरहेको क्रिकेटलाई थप व्यवस्थित र आकर्षक बनाउन डी-युनिटी संस्थाले आयोजना गर्न लागेको हो । गत वर्षको पहिलो संस्करणमा पाकडी प्यान्थरले उपाधि जितेको थियो भने यसपटक प्रतियोगितालाई अझ प्रभावशाली बनाउन तयारी भइरहेको आयोजकले जनाएको छ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा संयोजक गोपाल भण्डारीले युवाको खेल प्रतिभा उजागर गर्ने र राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । उनले डीपीएलले स्थानीय खेलाडीलाई मात्र अवसर दिने नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने ढोका पनि खोल्ने विश्वास व्यक्त गरे ।

पत्रकार सम्मेलनमा संयोजक भण्डारीले खेल अवधिभरको लागि खेलाडी, अम्पायर, आयोजक, प्राविधिकको बिमा गरिने जानकारी दिए । हालसम्म ६ वटा टिम दर्ता भएको र उपाधि उचाल्ने टिमले नगद १ लाख र उपविजेताले ५० हजार नगद शिल्ड, मेडल र प्रमाणपत्रको पाउनेछन् ।

यसपटकको संस्करणका लागि सहभागी ६ टोलीका मार्क्यु खेलाडी र रिटेन खेलाडीको नाम पनि सार्वजनिक गरिएको छ । बिहीबार आयोजित पत्रकार सम्मेलनमार्फत् क्लबले जानकारी दिँदै पाकडी प्यान्थरले प्रकाश भण्डारीलाई मार्क्यु खेलाडी र रोशन गौतमलाई रिटेन गरेको छ । त्यस्तै भवानीपुर रोयल्सले सन्दीप अर्याललाई मार्क्यु खेलाडी र अर्जुन जीसीलाई रिटेन गरेको छ । टटेरा डाइनामाइटले सन्दीप बश्याललाई मार्क्यु खेलाडी र विवेश खातीलाई रिटेन गरेको छ भने ढेकवार योद्धाले जितेन्द्र बनियाँलाई मार्क्यु खेलाडी र रमेश रक्षकोटीलाई रिटेन गरेको छ । यसैगरी खैरेनी ग्लाडिएटर्सले कमल जैसीलाई मार्क्यु र सोनु सहानीलाई रिटेन गरेको छ भने शीतलनगर सुपर स्टाईकर्सले विनोद क्षेत्रीलाई मार्क्यु र सचिन पाण्डेलाई रिटेन गरेको छ ।

खेलाडी दर्ता भदौ १५ देखि २५ गतेसम्म खुला रहने र असोज १ गते 'अक्सन वार' अर्थात् लिलामी प्रक्रिया सम्पन्न हुने बताइएको छ । त्यही आधारमा टिमहरूले खेलाडी छनोट गर्नेछन् भने वास्तविक प्रतिस्पर्धा असोज १८ गतेदेखि सुरु हुनेछ । आयोजक डी-युनिटीले डिपिएललाई खेलमार्फत् युवा सशक्तिकरण, सामाजिक एकता र देवदहमा खेल संस्कृतिको विस्तार गर्ने एउटा महत्वपूर्ण पहलका रूपमा अघि बढाइने विश्वास व्यक्त गरेको छ ।

कार्यक्रममा पूर्व अध्यक्ष अजय गुरुङ, नारायण बस्नेत र ६ वटै टिमका अनरहरुको सहभागीता रहेको थियो ।


## Naubahini Rural Municipality
## Office the Rural Municipal Executive
Lung Bahane, Pyuthan
Lumbini province, Nepal

## Invitation for Bids

Date of First Publication date 2082/05/13 (29th Aug 2025)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the following works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 03-NRM/NCB/G/2082/83 | "Supply and Delivery of Sanitary Pads" | 2820000.00 | 3000.00 | 81000.00 | 90 Days |

Date of First Publication date 2082/05/08 (24thAug 2025)

| | | | | | |
|---|---|---|---|---|---|
| 02-NRM/NCB/G/2082/83 | "Supply of Medicine and Surgical Item" | 2884520.00 | 3000.00 | 83000.00 | 90 Days |

3. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer


# भीरकोटमा शतप्रतिशत योजनाको काम




स्याङ्जा । स्याङ्जाको भीरकोट नगरपालिकाले शतप्रतिशत योजनाको काम गरेको छ। भिरकोटले आर्थिक वर्ष २०८१/०८२ मा कार्ययोजनाअनुरुप तयार गरिएका २३८ योजनाहरुको काम गरेको हो। वार्षिक कार्ययोजनामा समावेश भएका योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट शतप्रतिशत काम गरेको छ ।

कार्ययोजनामा सडक, भवन, सिँचाइ, खानेपानी, पर्यटन पूर्वाधार निर्माण, विस्तार र मर्मत समेतका सानाठूला गरि २३८ योजना थिए ।

योजना निर्माण गर्न १५ करोड ३८ लाख ९१ हजार विनियोजन भएकोमा ११ करोड २३ लाख ५१ हजार ३३८ रुपैयाँ खर्चेर नगरपालिकाले लक्ष्यअनुसार शतप्रतिशत योजनाको काम गरेको जनाएको छ ।

नगरपालिकाले गएको वर्ष २३१ योजना उपभोक्ता समितिमार्फत् काम गरेको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले जानकारी दिए। सडक, तटबन्धनसहित ५ वटा योजना ठेक्काबाट निर्माण गरेको बताउँदै नगरप्रमुख कर्माचार्यले योजनाअनुसार पार्कभित्र स्वीमिङ्ग पुल र ताल निर्माणका दुई योजना प्रदेश सरकारको विषेश अनुदानबाट खर्चनेगरी बहुवर्षीय ठेक्कामा काम भइरहेको जनाए ।

ठेक्का प्रक्रियाबाट नगरको सबैभन्दा ठूलो योजना आँधीखोला तटबन्धनको काम गरिएको छ। तीन करोड ७३ लाख ६९ हजार ४९८ रुपैयाँमा आँधीखोलाको झण्डै ११ सय मिटर दोहोरो (वारिपारि) तटबन्ध गरिएको छ । बर्खासँगै बढेर आउने आँधीखोलाले कटान गर्ने सयौं रोपनी खेतीयोग्य जमिन र एक खेलमैदानलाई तटबन्धनले सुरक्षित गरेको नगरपालिकाले जनाएको छ ।

बयरघारी मोहनडाँडा-ठूलिभञ्ज्याङ् पर्वतहिले सडक एक करोड ८७ लाख ५८ हजार ९२० रुपैयाँमा ठेक्का लगाएर १.५० किलोमिटर सडक निर्माण गरेको नगरपालिकाका योजना प्रमुख यामप्रसाद रेग्मीले बताए । गएकै वर्ष ठेक्काबाट पालिकाको पर्यटकीय क्षेत्र सुन्दरबजार-स्वरेक मैदान जोड्ने सडक ६४ लाख ६७ हजार ८२४ रुपैयाँमा झण्डै एक किलोमिटर निर्माण गरिएको उनले बताए । बयरघारीबाट मैदानको दुरीमा करिब १३ किमि सकड बन्नुपर्नेमा ५ किलोमिटर बनेको छ भने चालु वर्षमा पर्यटकीय क्षेत्र स्वरेक मैदान पक्की सडकले जोडिने योजना प्रमुख रेग्मीले दाबी गरे ।

प्रदेश सरकारको विषेश अनुदानमा भीरकोट पार्कभित्र स्वीमिङ्ग पुल निर्माणमा ५३ लाख ४१ हजार ४११ रुपैयाँ खर्च भएको छ । प्रदेशकै ३७ लाख १८ हजार ५६१ रुपैयाँमा ताल (पोखरी) निर्माण गरिएको छ । नगरको विषेश पहलमा प्रदेश सरकारले पोखराको तालबाराही मन्दिरको स्वरुपमा निर्माणधिन ताल र मन्दिर निर्माणको काम यहि वर्ष सकिने नगरपालिकाले जनाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाको ७८ करोड २६ लाख ९१ हजार कुल बजेटमा चालु ६० करोड ७३ लाख ८० हजार १३० रुपैयाँ र पुँजीगत शीर्षकमा १७ करोड ५१ लाख ५० हजार रहेको थियो । चालुतर्फ ५५ करोड ५८ लाख २४ हजार २२८ रुपैयाँ अर्थात् झण्डै ९२ प्रतिशत र पुँजीगत खर्चतर्फ करिब ६७ प्रतिशतले हुने ११ करोड ६६ लाख ११ हजार ५८५ रुपैयाँ खर्च भएको नगरपालिकाले जनाएको छ ।

शतप्रतिशत योजनाको काम गरेको नगरपालिकाले गएकै वर्ष १२ दशमलब ३५ प्रतिशत बेरुजु फछ्र्यौट गरेको छ ।

दुई करोड ९६ हजार ४३ हजार कुल बेरुजुमा ३६ लाख ६६ हजार ६३७ रुपैयाँ फछ्र्यौट गरेको नगरपालिकाले जानकारी दिएको छ ।


## आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सूर्य लाइफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



## Ribdikot Rural Municipality
Khasyauli ,Palpa

## Invitation for Bids

Date of publication: 29-october-2025

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites electronic bids from eligible bidders for the procurement of works as specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
**Information to deposit the cost of Bidding Document in Bank:**
**Name of the Office: Ribdikot Rural Municipality, Khasyauli ,Palpa**
**Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)**
**Office Account no: 0902050029116002(ANTARIK RAJASWA KHATA)**
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli ,Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/C No.:090CA50023041004) on behalf of Ribdikot Rural Municipality, Khasyauli , Palpa ,or online bid must be valid security for a period of 90 days for NCB counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours. The name, identification number and other details of the contract are as follows:

| SN | Contract Name | Identification No. | Bid Validity / Bid Security Validity Period | Bid Document Fee (NRS) | Estimated Amount inclusive of VAT | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Jaleshwor Tourism Promotion Ribdikot-5 | RRM/NCB/WORKS-01/2082/83 | 90/120 day | 5,000 | | 5,90,000 | 28/09/2025 12:00 | 28/09/2025 14:00 |
| 2 | Upgrading of Barpokhara Deurali Shantichaur to Jogithum Road | RRM/NCB/WORKS-02/2082/83 | 90/120 day | 3,000 | 60,04,838.86 | 1,50,000 | 28/09/2025 12:00 | 28/09/2025 14:00 |

Chief Administrative Officer


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com